# गलकोट नगरपालिका

## गलकोट नगरपालिकाद्वारा प्रकाशित

खण्ड-८ ) गलकोट, बागलुङ, भाद्र  गते, २०८१ साल (संख्या-२ )

# भाग-१

## हल गोरु पालन प्रोत्साहन अनुदान कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१

मिति २०८१/ ५ /२३  गते को कार्यपालका बैठकबाट स्वीकृत

**प्रस्तावना**

बढ्दै गएको बजारीकरण र आधुनिकीकरणकासंगै व्यावसायिकीकरण तर्फ आकर्षित भएका कृषकहरुले उन्नत जातका पशुपालन गर्ने र धेरै उत्पादन गर्ने होडबाजीका कारण आधुनिक उपकरण तथा औजार प्रयोग गर्दा स्थानीय गोरु लोप हुने अवस्थामा पुगेकोले स्थानीय गोरु संरक्षण गरी खेत जोत्ने तथा

खेतीको लागि आवश्यक प्राङ्गारिक मल उत्पादन गर्ने परम्पराको संरक्षण गर्न, गोरुले जोतेर खेती गर्ने परम्पराको संरक्षण गर्न, स्थानीय स्तरमा रोजगारी श्रृजना गर्न तथा छाडा चौपाया नियन्त्रण गर्न वाञ्छनीय देखिएकोले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा २ ले दिएको अधिकार प्रयोग गरी गलकोट नगरकार्यपालिकाले यो कार्यविधि बनाएको छ।

## परिच्छेद १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(क) यस कार्यविधिको नाम "हल गोरु पालन प्रोत्साहन अनुदान कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१" रहेको छ ।

(ख) यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ ।

**२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा**

क. **"कार्यालय"** भन्नाले गलकोट नगरपालिका नगर कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

ख. **"कार्यक्रम"** भन्नाले गलकोट नगरपालिकाको हल गोरु पालन प्रोत्साहन अनुदान कार्यक्रम तथा बजेट सम्झनु पर्दछ ।

ग. **"नगरपालिका"** भन्नाले गलकोट नगरपालिकालाई सम्झनु पर्दछ ।

घ. **"कृषक"** भन्नाले आफ्नै हल गोरु भएको व्यक्ति सम्झनु पर्दछ।

ङ. **"शाखा"** भन्नाले गलकोट नगरपालिकाको पशु सेवा शाखालाई सम्झनु पर्दछ ।

च. **"समिति"** भन्नाले गलकोट नगरपालिकामा गठित आर्थिक विकास समिति लाई सम्झनु पर्दछ ।

## परिच्छेद २

**३. कार्यक्रम संचालन प्रकिया**

क) कार्यक्रम संचालनका लागि पालिकाले १५ दिनको समय सिमा राखी अनुसुची १ बमोजिमको सूचना प्रकाशन गर्नेछ,

ख) कार्यक्रममा सहभागी हुन चाहने कृषकहरुले अनुसुची २ बमोजिमको निवेदन गलकोट नगरपालिका पशु सेवा शाखामा पेश गर्नुपर्नेछ,

**निवेदन पेश गर्दा समावेश गर्नुपर्ने कागजातहरुः-**

१. हलगोरुको पहिचानका लागि लगाईएको पशु पहिचान संकेत नम्बर (TAG) नम्वर,

२. नागरिकताको छायाँप्रति

३. बैङ्कको खाता नं.

४. अनुसुची ३ बमोजिमको कम्तिमा दुई वर्ष हल गोरु पाल्ने र आफै खेत जोत्ने कार्यमा संलग्न भएको तथा हुने प्रतिवद्धता पत्र ।

५. निवेदक र हल गोरु संयुक्त रुपमा देखिने गरी गोठमा बाधेको फोटो ।

६. किसान परिचयपत्रको प्रतिलिपी।

७. विपन्न वर्गमा पर्ने भएमा वडाबाट विपन्न हो भन्ने सिफारिस।

ग) अनुदान स्वीकृत भएका हलगोरुको अनिवार्य वीमा गराउनु पर्नेछ।नगरपालिकाले किसानले पाउने अनुदानबाट कट्टि हुनेगरी वीमा गराउने छ।

घ) आवेदकलाई जानकारीः आवेदक कृषक छनोट भए लगतै शाखाले सम्वन्धित कृषकलाई जानकारी गराउने छ ।

## परिच्छेद ३

### ४. मुल्याङकन तथा छनौट विधि

क. प्रस्ताव/निवेदन संकलन गरी सुचिकृत भएका कृषक मध्ये अनुसुची ४ बमोजिमको मापदण्ड अनुसार आवेदकको मुल्याङ्कन गरी उपयुक्त कृषक छनौटको कार्य आर्थिक विकास समितिले गर्नेछ।

ख. अनुदान प्राप्त गर्ने किसान छनौट गर्दा जतिसुकै अंक प्राप्त गरेको भएतापनि एउटा वडावाट कम्तिमा पाँच प्रतिशत किसान पर्ने गरी छनौट गर्नुपर्नेछ।

ग. आर्थिक विकास समितिले मूल्याङ्कनको चरणमा कुनै किसानले निवेदनसाथ उपलब्ध गराएको कुनै कागजातमा द्विविधा वा अस्पष्ट लागेमा थप कागजात माग गर्न सक्नेछ।

घ.नगरपालिकाले किसानको निवेदन सम्बन्धित वडा वा सेवाकेन्द्रबाट समेत संकलन गर्ने गरी व्यवस्था मिलाउन वा घुम्ति शिविर मार्फत निवेदन संकलन गर्न सक्नेछ।

ङ. आर्थिक विकास समितिले अनुसूची ४ बमोजिमको आधारमा किसान छनौट गर्नुपर्नेछ।

**५. अनुगमन तथा मुल्याङकनः** यस कार्यक्रमको अनुगमन तथा मुल्याङकन नगरपालिका, वडा कार्यालय, आर्थिक विकास समितिबाट गर्न सकिनेछ ।

## परिच्छद ४

**६. भुक्तानी गरिने अनुदान तथा प्रक्रिया :-**

क) छनौट भएका कृषकहरुलाई प्रति हल गोरु बराबर बढीमा रु १००००।-।( दश हजार रुपैया) का दरले निजले उपलब्ध गराएको बैंक खाता मार्फत अनुदान रकम उपलब्ध गराइनेछ ।

**७. संशोधनः** यो कार्यविधि कार्यान्वयनको क्रममा बाधा अडचन आइपरेमा कार्यपालिकाले फुकाउन सक्नेछ ।

**८. बचाउः** यस कार्यविधिमा उल्लेख भएका विषयमा यसै कार्यविधि बमोजिम र अन्य विषयको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

अनुसूची १

(दफा ३(क) सँग सम्बन्धीत)

सूचना

प्रथम पटक प्रकाशित मितिः-.................

आ.व. .......................को बार्षिक स्वीकृत कार्यक्रम अनुसार हल गोरु पालन प्रोत्साहन अनुदान कार्यक्रमको माध्यमवाट स्वरोजगार सृजना गर्ने साथै गोरुले खेत जोति खेति गर्ने परम्पराको संरक्षण गर्ने कार्यक्रम रहेको हुँदा इच्छुक कृषक वाट प्रस्ताव  आह्वानको लागि यो सूचना प्रकाशित गरिएको छ । प्रस्तावक कृषकले यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले १५ दिन भित्र तपसिल अनुसारका कागजातहरु सहित तोकिएको ढाँचा अनुसारको प्रस्ताव गाउँपालिकाको पशु सेवा शाखामा दर्ता गर्नु हुन यो सूचना जारी गरिएको छ । पिछडिएको क्षेत्र र विपन्न वर्गका समुदाय लाई विषेश प्राथमिकता दिइनेछ ।

तपसिल

१. हलगोरुको पहिचानका लागि लगाईएको  पशु पहिचान संकेत नम्बर (TAG) नम्वर,
२. नागरिकताको छायाँप्रति
३. बैङ्कको खाता नं.
४. अनुसुची ३ बमोजिमको कम्तिमा दुई वर्ष हल गोरु पाल्ने र आफै खेत जोत्ने कार्यमा संलग्न भएको तथा हुने प्रतिवद्धता पत्र ।
५. निवेदक र हल गोरु संयुक्त रुपमा देखिने गरी गोठमा बाधेको फोटो ।
६. किसान परिचयपत्र ।
७. विपन्न सिफारिस।
८. म्याद नाघि आएको निबेदन मान्य हुने छैन ।

अनुसूची २

(दफा ३ (ख) सँग सम्बन्धीत)

आवेदन पत्र

श्रीमान शाखा प्रमुख ज्यू, मितिः-
गलकोट नगरपालिका
पशु सेवा शाखा, गलकोट, बागलुङ ।

विषयः- हल गोरु संरक्षण प्रोत्साहन रकम उपलब्ध गराई पाउँ ।

उपरोक्त सम्वन्धमा गलकोट नगरपालिका वडा नं. ...... निवासी म .................... .........ले तपसिलको विवरण रहेको हल गोरु पालन पोषण गरेको हुँदा तहाँ शाखाको मिति २०८ /......./....... गतेको सुचना अनुसार पाउँनुपर्ने स्थानिय गोरु संरक्षण प्रोत्साहन रकम उपलब्ध गराई पाउँ भनि तपसिलका कागजात संलग्न गरी यो निवेदन पेश गरेको छु ।

तपसिलः

१. गाई/गोरु को ट्याग नं.
२. हल गोरु संख्याः-
३. अनुसूची ३ अनुसारको प्रतिवद्धता
४. संलग्न कागजातहरुः

- नागरिकता छाँया प्रति
- बैङ्कको चेक छाँया प्रति
- हल गोरु सहित पशु पालकको फोटो
- विपन्नता सिफारिस
- आफ्नो मात्र खेत जोत्ने सिफारिस
- अन्यको समेत खेत जोत्ने सिफारिस
- अन्य सिफारिस

निवेदक
दस्तखतः
नामः-
ठेगानाः-
फोन नं.

अनुसूची-३

(दफा ३ (ख - ५) सँग सम्बन्धीत)

प्रतिवद्धता पत्र

मितिः-

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू
गलकोट नगरपालिका
गलकोट, बागलुङ।

विषयः- प्रतिवद्धता सम्वन्धमा ।

महोदय,

उपरोक्त सम्वन्धमा म गलकोट नगरपालिका वडा नं. .......... निवासी ..................................... ले विगत वर्ष देखी नै ................ गोटा हल गोरु पालन गरी खेती गरिरहेको र तहाँ पशु सेवा शाखाको मिति २०८ / / गते प्रकाशित सुचना अनुसार उक्त कार्यक्रममा छनौट भएमा कम्तिमा दुई वर्ष हल गोरु पाल्ने र आफै खेत जोत्ने कार्यमा संलग्न हुने प्रतिवद्धता जाहेर गर्दछु । यदी नगरेमा कानुन बमोजिम सहुला /बुझाउला ।

नामः-
ठेगानाः-
फोन नं.
हस्ताक्षर :-

अनुसूची ४

(दफा ४ सँग सम्बन्धीत)

हल गोरु पालन प्रोत्साहन अनुदान कार्यक्रममा कृषक छनौट गर्दा अपनाईने मुल्याङ्कनका आधारहरु

| क्र. सं. | दर्ता नं. | ठेगाना | गोरु पालन गरेको बर्ष प्रति बर्ष १० का दरले वढीमा (३०) | गोरु सैगै स्थानीय गाई समेत पालन गरेको (१०) | आफ्नो मात्र खेत जोत्ने कृषक लाई (१०) | अन्य कृषक को पनि खेत जोत्ने कृषक लाई (२०) | दलित समुदायको कृषक (१०), | आफै हली भएमा (१०) | विपन्न वर्गका ब्याक्ति (१०) | कुल प्राप्ताङ्क (१००) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |

**नोटः**-*बिपन्न बर्ग भन्नाले नेपाल सरकारले जारी गरेको रातो गरिब परिचय पत्र प्राप्त गरेको वा परिवारको कुनै पनि सदस्य सरकारी लाभको पदमा वा वैदेशिक रोजगारीमा नरहेको आधारमा वडाले बिपन्न हो भनि सिफारिश गरेको ब्याक्ति ।*

**आज्ञाले**

थम्मन सिंह गौतम

प्रमुख प्रशासकीय अधिकृत

२०८१।०५।२४